# प्रेस विज्ञप्ति (मध्यमस्तरीय करदाता कार्यालय उद्घाटन तथा संबोधन






नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।०३।२० को निर्णयानुसार स्थापना भएको मध्यमस्तरीय करदाता कार्यालय बबरमहलको आज मिति २०७५ साल आश्विन १ गते मा. अर्थमन्त्री डा. युवराज खतिवडाले पानसमा दीप प्रज्वलन तथा ताम्रपत्र अनावरण गरी विधिवत रुपमा उद्‌घाटन गर्नुभयो।

कार्यक्रमको प्रमुख अतिथि मा.अर्थमन्त्री डा. युवराज खतिवडाले मुलुकमा डेढ दर्जन जति मौलिक हक सम्बन्धी कानूनहरु संसदवाट पारित भएका र यी कानूनहरु कार्यान्वयन गर्ने दायित्व राज्यको भएको तथा यी कानूनहरु कार्यान्वयन गर्दा आर्थिक दायित्वहरु सृजना हुने भएकाले त्यसको लागि आर्थिक श्रोत आवश्यक हुने र यसको स्रोत कर नै भएको उल्लेख गर्दै राज्यले करको आधार फराकिलो गर्दै जाने र प्रगतिशील कर प्रणाली अवलम्वन गरेको र औपचारिक अर्थतन्त्रको विस्तारको लागि प्रयासरत रहेको जानकारी गराउनु भयो। सरकारले लगानी मैत्री करप्रणाली, व्यवस्थित र सूचनामुखी अभिलेखाङ्कन प्रणाली र कानून बमोजिम कर लाग्ने विषयमा स्पस्ट भएको बताउंदै मूल्य अभिवृद्धि कर, आयकर निर्धारण सम्बन्धमा व्यापार चक्रलाई आधार मान्नुपर्ने बताउनुभयो। सामाजिक सुरक्षा र करको दायरामा सबै नेपाली आउनुपर्ने बताउनु भयो। स्थानीय करका विषयमा देखिएको विवादवारे चर्चा गर्दै खासगरी सम्पत्ति करको व्याख्यामा केही समस्याहरु देखिएकोले त्यसलाई मिलाउनु पर्ने आवश्यकता औल्याउदै कानून र मूल्य वृद्धिसँग आवद्ध रहने भन्दै उत्तम विवेकको प्रयोग गरी कर प्रशासनले मुस्कान सहितको सेवा दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा अर्थ सचिव डा. राजन खनालले मध्यमस्तरीय करदाता कार्यालयको स्थापना कर सुधारको दोश्रो चरणको कार्यक्रमको विश्वव्यापी अभ्यासस्वरूप हामीले पनि लागू गरेको भन्दै करदाताको वर्गीकरणका आधारहरूमा कारोबारको सीमा, करको प्रकृति, कर्मचारी तथा कामदारको सङ्ख्या कर तिरेको अवस्था र सम्पत्तिको मूल्याङ्कनलाई लिइएको स्पष्ट पार्नुभयो। ठूला करदाताको परिभाषा गर्दा नर्वेजियन र युरोपियन मोडल उपयुक्त रहेको भन्दै करदातालाई दर्ता देखि नै कर शिक्षा र सहजीकरण प्रक्रियाको बारेमा जानकारी दिई प्रत्येक करदाताको प्रोफाइल तयार गरी कारोबारको जानकारी गराउनु आवश्यक छ भन्ने विषयमा प्रकाश पार्नुभयो। ठूला करदाताको कारोबार गर्दा बहुराष्ट्रिय कम्पनीको श्रोत र जोखिमको विश्लेषण जरुरी भएकोमा जोड दिनु भयो।

उद्घाटन कार्यक्रमका सभाध्यक्ष सचिव (राजस्व) श्री शिशिर कुमार ढुङ्गानाले अबको कर प्रशासन विशिष्टीकरणको कार्य सम्पादन तर्फ उन्मुख रहेको भन्दै करदातालाई मध्यमस्तरीय करदाता कार्यालयमा स्तरोन्नति गराई ठूला करदाता स्तरीकरण गर्ने लक्ष्य रहेको जानकारी गराउनुभयो । अबको कर प्रशासन नगदविहीन र कागजविहिन हुनुपर्ने भन्दै असल अभ्यास व्यवहार कर प्रशासकबाट लागू गर्दै करदाताको प्रोफाइल तयार गरी कारोबारको विश्लेषण गर्नुपर्ने र आगामी दिनमा मध्यमस्तरीय करदाता कार्यालय उत्कृष्ट कार्यालयको रुपमा स्थापित हुन सकोस् भन्ने शुभकामना सहित समुद्घाटन कार्यक्रमको समापन गर्नु भयो।

उद्घाटन कार्यक्रममा उपस्थित अतिथिहरूलाई स्वागत गर्दै आन्तरिक राजस्व विभागका महानिर्देशक श्री विष्णु प्रसाद नेपालले कर सुधार र कर संरचनामा सुधार गर्ने क्रममा विगतमा विज्ञ समूह सहितको ठूला करदाता कार्यालय स्थापना गरिएको स्मरण गर्दै हाल ८३३ करदाताहरू रहेको मध्यमस्तरीय करदाता कार्यालय सङ्गठन संरचना ल्याइएको र यसबाट वार्षिक १८ अर्ब राजस्व उठ्ने लक्ष्य राखिएको बताउनु भयो । आन्तरिक राजस्व कार्यालयबाट सिधै ठूला करदाता कार्यालयमा करदाताको स्तरोन्नति हुँदा कर परिपालनामा कमी भै राजस्व जोखिम हुने हुँदा रु. ४० करोड देखि ८० करोड सम्म कारोबार (बैंक वित्तिय संस्था, बीमा कम्पनी, मेडिकल कलेज, ट्राभल तथा ट्रेकिङ व्यवसाय र ठेक्कापट्टा व्यवसायको हकमा २५ देखि ८० करोड) को करदाताको क्षेत्राधिकार यस कार्यालयको रहेको, राजस्वको वार्षिक लक्ष्य गत वर्षको तुलनामा योगदानको चर्चा गर्दै कर सहभागिता अभिवृद्धि गर्न तथा राजस्व प्रशासनको निपूर्णतालाई बढाउन कार्यालय स्थापना गरिएको बारे प्रकाश पार्नु भयो।

नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष राजेन्द्र मल्लले राष्ट्रिय आय बढाउने वृहत नीतिको खाँचो रहेको बताउँदै मुलुकमा उद्योग होइन व्यापार गर्ने प्रवृत्ति बढेको प्रति चिन्ता व्यक्त गर्दै उद्योगलाई लिजमा जग्गा उपलब्ध गराएर भएपनि राज्यले प्रोत्साहन गर्नुपर्ने बताउनुभयो। अन्य नागरिकलाई सामाजिक सुरक्षा जस्तै व्यवसायीलाई स्वास्थ्य बिमाको व्यवस्था गर्नुपर्ने बारेमा जोड दिनु भयो। नेपाल उद्योग परिसंघका उपाध्यक्ष श्री कृष्ण प्रसाद अधिकारीले बजेट र राजस्व नीतिको चर्चा गर्दै नेपालको अर्थतन्त्र भन्सारमुखी रहेको र नेपालमा उत्पादनमुखी नभै बजारमुखी मात्र रहेको बताउनुभयो। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष

किशोर कुमार प्रधानले कर सङ्कलन र त्यसको सही सदुपयोगको सुनिश्चितता राज्यले गर्नुपर्ने भन्दै निष्पक्ष भएर कर प्रशासन सञ्चालन हुनुपर्ने बताउनु भयो।

मा. अर्थमन्त्री डा.युवराज खतिवडाको प्रमुख आतिथ्यता तथा राजश्व सचिव श्री शिशिर कुमार ढुङ्गानाको सभापतित्वमा  कार्यक्रम भएको थियो। उद्घाटन कार्यक्रममा अर्थ सचिव डा. राजन खनाल, चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसङ्घ र नेपाल उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरूको उपस्थिति रहेको थियो। उद्घाटन कार्यक्रमको सञ्चालन मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासक झक्कप्रसाद आचार्यले गर्नु भएको थियो।

**१ आश्विन, २०७५**

**अर्थ मन्त्रालय**